प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

**<u>सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना</u>**

**प्रकाशन मितिः २०८१।१०।११**

यस मन्त्रालयमा सञ्चालित आन्तरिक तथा वाह्य रोजगार प्रवर्धनका लागि तपसिल अनुसारको पदका लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। मन्त्रालयले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको न्युनतम योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नेपाल बाहेक अन्य मुलकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथ समकक्षता निर्धारण गरेको प्रमणपत्रको तथा अनुभवको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि का साथै परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी मिति २०८१।१०।२५ गते भित्र यस मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ।

रित नपुगेको दरखास्त तथा प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटो विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

| क.सं. | पद | तह | दरखास्त/आवेदनका लागि न्युनतम योग्यताहरु | माग पद संख्या |
|---|---|---|---|---|
| १ | प्रदेश कार्यक्रम संयोजक | अधिकृत सातौं | **क.शैक्षिक योग्यता**<br>➢ मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नाकोत्तर तह उत्तीर्ण भएको, अधिकृतस्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको ।<br>**ख.अनुभव सम्बन्धि योग्यता**<br>➢ स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेको लाई प्राथमिकता दिईनेछ ।<br>➢ कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, PowerPoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको ।<br>➢ नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने | १ |
| २ | मनोविद | अधिकृत सातौं | **क. शैक्षिक योग्यता**<br>➢ मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साइकोलोजी मेजर काउन्सेलिङ साइकोलोजी, स्कुल साइकोलोजीमा) स्नातकोत्तर उत्तिर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको, मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लाई प्राथमिकता दिईने छ वा पोष्ट ग्राजुएट डिप्लोमा इन् काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तीमा तीनवर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको हुनुपर्ने छ । | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | **ख.अनुभव सम्बन्धि योग्यता**<br>➢ राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेको लाई प्राथमिकता दिईने छ ।<br>➢ स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>➢ कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको ।<br>➢ नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । | |
| ३ | श्रम तथा रोजगार अधिकृत | अधिकृत छैठौं | **क.शैक्षिक योग्यता**<br>➢ नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवसाय प्रशासन / व्यवसाय अध्ययन/विकास अध्ययन/अर्थशास्त्र/समाजशास्त्र/सामाजिक विज्ञानमा एवंम् कम्प्यूटर विज्ञानमा स्नातक तह सम्मको अध्ययन सम्पन्न गरेको ।<br>**ख.अनुभव सम्बन्धि योग्यता**<br>➢ उद्यम विकास र रोजगार प्रवर्धनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको । | ८ |
| ४ | सुचना तथा परामर्षकर्ता | सहायक पाँचौ | **क.शैक्षिक योग्यता**<br>➢ नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र/+2 तह सम्मको अध्ययन सम्पन्न गरेको ।<br>**ख.अनुभव सम्बन्धि योग्यता**<br>➢ न्युनतम ३ वर्षको कार्य अनुभव।<br>➢ मनोपरामर्शको क्षेत्रमा कार्य अनुभव भएकाहरु लाई विशेष ग्रह्यता दिइनेछ ।<br>➢ स्थानीय भाषा जानेको सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ ।<br>➢ कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Powerpoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको । | १३ |

नोट : उपरोक्त पदहरुकालागी देहाय बमोजिमको परिक्षा शुल्क निर्धारण गरिकएको छ ।

१. अधिकृत सातौ र अधिकृत छैठौं तह – रु. १,००० (एक हजार मात्र)

२. सहायक पाँचौ – रु. ४०० (चार सय मात्र)

- दस्तुर वुझाउने स्थानः राष्ट्रिय वाण्जिय बैंकमा, श्रम तथा यातायात मन्त्रालयको नाममा कार्यालय कोड नं. ३७१००१७०१२ र राजश्व शिर्षक नं. १४२२९ मा दाखिला सक्कल भौचर साथ यस मन्त्रालयमा जम्मा गर्नुपर्ने छ ।
- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ५८ वर्ष ननाधेको हुनुपर्ने छ ।